नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प्रेस विज्ञप्ति

(.........................................................शाखा)

प.सं.:

चं.नं.:

सिंहदरबार, काठमाण्डौ

आज मंसिर ११ गते भारतको नयां दिल्लीमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले तेस्रो विश्व (ग्लोवल साउथ) मा न्यायमा पहुँच सुदृढ गर्ने उद्देश्यले आयोजित कानूनी सहायतामा पहुँच (Access to Legal Aid) विषयक पहिलो क्षेत्रीय सम्मेलनको मन्त्रीस्तरीय गोलमेच कार्यक्रमलाई सम्बोधन गर्नु भयो। मन्त्री गुरुङले नेपालले न्यायमा पहुँच अभिवृद्धि गर्न सन् १९५० देखिनै कानूनी सहायताको अवधारणा लिएको र सन् १९९० पछि यसको क्षेत्र र दायरा बढाई असमर्थ पक्षलाई निशुल्क कानूनी सहायता उपलब्ध गराउँदै आएको तथा नेपालको संविधानले निशुल्क कानूनी सहायतालाई मौलिक हकको रुपमा व्यवस्था गरेको तथा संघीयताको सन्दर्भमा यसलाई थप व्यवस्थित र परिस्कृत गर्न नयाँ कानूनी सहायता सम्बन्धी ऐनको मस्यौदा गरिरहेको कुरा बताउनु भयो। कार्यक्रमको उद्घाटन भारतका उपराष्ट्रपति महामहिम जगदीप धनखरले गर्नु भएको र उहाँले ग्लोवल साउथमा न्यायमा पहुँचको क्षेत्रमा उल्लेख्य कार्य गरी दीगो विकासका लक्ष्यहरु हासिल गर्न योगदान गर्नु पर्ने कुरा बताउनु भएको थियो।

मन्त्री गुरुङ तथा भारतका कानून तथा न्याय मन्त्री श्री अर्जुन राम मेघवालबीच भारतको कानून तथा न्याय मन्त्रालयमा भेटघाट भएको र उक्त भेटघाटमा कानून तथा न्यायको क्षेत्रलाई सुदृढ गर्ने तथा दुई देश बीच अनुभव तथा अन्य सहयोगका क्षेत्रमा थप छलफल गरी अगाडि बढ्ने कुराकानी भएको थियो । साथै मन्त्री गुरुङले भारतका कानून तथा न्याय मन्त्रीलाई नेपालको भ्रमण गर्न निमन्त्रणा गर्नुभएको र उहाँले समय मिलाई भ्रमण गर्ने बताउनुभयो। सो अवसरमा कानून, न्याय तथा संसदीय मामिला सचिव उदयराज सापकोटा र भारतका कानून सचिव एस के जी रहाटे (S.K.G. Rahate) को पनि उपस्थिति रहेको थियो ।

मितिः २०८०।०८।११

(सीता पुन श्रीस)

उपसचिव/सूचना अधिकारी